# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माई नगरपालिका
## इलाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माई नगरपालिका

## इलाम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माई नगरपालिका

## इलाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ,२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मिति:२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. १६९

विषय: **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुख ज्यू ,
माई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
इलाम।

१. **कैफियत सहितको राय—** हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार-**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६ करोड १५ लाख ४५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ४ करोड ८१ लाख २० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.९ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु.३५ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८८ लाख ५० हजार र पेश्की बाँकि रु.१ करोड समेत रु.२ करोड ३४ लाख २५ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु.४५ करोड २६ लाख ३८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४४ करोड २३ लाख ८२ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने माई नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

**३.१** यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा

प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३.२ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी माई नगरपालिकाको व्यवस्थापनमा रहेको छ। यस नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

**माई नगरपालिका,**

इलाम जिल्ला,

## १. चालु वर्षको बेरुजु २०७९।८०

**बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिकृयाबाट थप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | | नियमित गर्नुपर्ने | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | १११ | ६१५४५ | ० | ४१ | ४८१२० | १०००० | ५२ | ७० | २३४२५ | ९९३ | ३५८३ | १८८५० | ० | ० | २२४३३ | १०००० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | ४५२६३८ | ० | ३३६८१ | ४१८९५७ | ० | २३४२५ | ४४२३८२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | **२०७९।८०** | | | |
| १ | | विभिन्न दफा | नाम्स प्रणालिमा उल्लेख | ४८११९९४०/- |
| | | | **चालु वर्षको जम्मा** | **४८११९९४०/-** |
| २ | २०७४।७५ | १८ | नियमित भई फछ्र्यौट | ७०३१९३/- |
| ३ | २०७६।७७ | विभिन्न दफा | प्रारम्भिक प्रतिवेदनमा उल्लेख | १७९६१६१/- |
| ४ | २०७७।७८ | विभिन्न | नाम्स प्रणालिमा उल्लेख | २३९२७६९९/- |
| ५ | २०७८।७९ | विभिन्न | नाम्स प्रणालिमा उल्लेख | ७२५४३६९/- |
| | | | **गत विगत वर्षतर्फको जम्मा** | **३३६८१४२२/-** |
| | | | **कुल जम्मा** | **८१८०१३६२/-** |

# परिचय

१ **परिचय-**

(क) **माई नगरपालिकाको परिचय-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरिएको स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरिएको नागरिएकोकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १० वडा, २६४.०९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०७३२ जनसंख्या रहेको छ।

(ख) **लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिएकोने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरिएको उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरिएको प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) **लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएकोएको छ ।

(घ) **लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरिएको लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरिएको प्रतिवेदन जारी गरिएकोएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरिएको कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएकोएको छ ।

(ङ) **लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरिएको लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरिएको स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएकोएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको प्रतिवेदन जारी गरिएकोएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरिएको विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएकोएको छैन।

(च) **आर्थिक कारोबारको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय — व्यय, प्राप्ती र भुक्तानीको स्थिति अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरिएको आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरिएको स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.६००००००.० अबण्डा बजेट व्यवस्था गरिएको १५ योजनामा रु.५५०००००.० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **त्रैमासिक खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक प्रगित विवरण तयार गरिएको पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु.हजारमा)

| क्र.सं | बजेट उपशीर्षक | बजेट | खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | अषाढ महिना |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुँजीगत खर्च तर्फ | २४९८६३ | १९५७११ | ११७४३ | १७२८८२ | ४५९१३ | १२०७७२ | ६५८४८ |
| | प्रतिशत | १०० | ७८.७३ | ६.०० | ८.८३ | २३.५० | ६१.७० | ३३.६५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत खर्च तर्फ बार्षिक रु.२४ करोड ९८ लाख ६३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड १७ लाख ४३ हजार अर्थात ६.० प्रतिशत, दोस्रो त्रैमासिकमा रु.१७ करोड २८ लाख ८२ हजार अर्थात ८.८३ प्रतिशत र तेस्रो त्रैमासिकमा रु. ४ करोड ५९ लाख १३ हजार अर्थात २३.५० प्रतिशत खर्च गरेको देखिन्छ । यसरी नै आषाढमा मात्र रु.१२ करोड ७ लाख ७२ हजार अर्थात ३३.६५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरिएको कार्यक्रम कार्यान्वयन गरिएकोनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिएकोवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल ३३३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ८३ | २९ | २१ | ३३ |
| २. | वडा स्तरीय | २५० | ० | १२ | २३८ |

उपर्युक्त विवरण अनुसार पालिकाले वस्तुनिष्ठ तवरले प्राथिमिकरण र छनौट गरिएको योजना बनाउनुपर्नेमा नगरस्तरिय योजना १० वटा वडामा समेत योजनाको नाम नखुलाई प्रत्येक वडामा १-१ वटा योजना भनी रकम विनियोजन गरेको(सुत्रमा प्रविष्ठि भएको विवरण अनुसार)मा उक्त विनियोजन रकमबाट ८३ वटा नगरस्तरिय योजना र २५० वटा वडा स्तरीय योजनामा खर्च गरेको देखिन्छ। पालिकामा साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरिएको यो वर्ष सभाले पारित गरेका ३३३ उल्लेखित योजना मध्ये ३१७ योजनामात्र कार्यान्वयन भई १६ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरिएको सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी -**स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरिएको असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको मिति २०७९।३।१० मा रु.५८ करोड ८७ लाख ९६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० पारित भएको छ। यसैगरिएको स्थानीयतहका प्रमुखले मिति २०७९।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार

क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरिएको कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरिएको खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ६२८०३००० | ४२२८१११९ | ६७ |
| २ | पूर्वाधार विकास | १२६८८६००० | १००००९७१४ | ७८.८१ |
| ३ | सामाजिक विकास | २८८२५३७९४.७९ | २४८११८७१८.२० | ८६.०६ |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४०८५०००० | ३०५७९९६४ | ७४.८६ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १५३६०७४४१ | १०१६५३६३७.२० | ६६.१८ |
| **जम्मा** | | **६७२४००२३५.७९** | **५२२६४३१५२.४०** | ७७.७२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वधार विकासमा सबैभन्दा बढी ८६.०६ प्रतिशत र अन्य कार्यालय संचालन तथा प्रशासनिकमा सबै भन्दा घटीमा ६६.१८ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

९ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ९४९०२५३९.९१ | १६२१९२१०.०३ | ३२.४४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३२.४४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

**१०.कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३०००००० | ११८७८२१.३१ | ३९.५९ |
| घरजग्गा वहाल कर | ४००००० | २०२५०१.२६ | ५०.६३ |
| व्यवसाय कर | ५००००० | ४९०२३५ | ९८.०४ |
| वहाल विरौटी शुल्क | ४०००००० | १४४९३९ | ३.६३ |
| | ७९००००० | २०२५४९६.५७ | २५.६४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरिएको करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

**११. आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरिएको लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरिएको लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरिएको बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा रु.३२ लाख ४५ हजार खर्च गरेको छ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरिएको सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरिएको कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास लक्ष्य (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन

लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरिएको सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन,२०४९ बमोजिम यस पालिकाकामा कार्यरत ३० जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरिएको सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरिएको ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१३ लाख ७० हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरिएको नागरिएकोकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरिएको नाममात्र उल्लेख गरिएको भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरिएको सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• कार्यालयले सवारी साधनको सवारी विमा गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

**१२. स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

**१३. न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरिएको टुङ्गो लगाउन बाँकी ३ वटा र यो बर्ष थप भएको १६ वटा गरिएको कुल १९ वटा विवाद दर्ता भएकोमा १० वटा मात्र फछ्यौंट भई ९ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरिएको टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्योंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योंट नभई रु.१,२५,०४,१३३/- बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.११,८७,४२०/- फस्योंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्योंट गर्नुपर्ने रु..

| क.स. | पेश्कीको विवरण | उपभोक्ता समितिको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | साँना सिचाई कार्यक्रम अन्तर्गत नगरपालिकाको साझेदारीका कार्यक्रम | लेवाखोला ढोडेनि पुच्छार सिंचाई जल उ.स. | ५,६५,८००.०० |
| २ | गरुवा मादले माझबारी चाउरीबारी सिंचाइ योजना | गरुवा मादले सिचाई | २,८०,०००.०० |
| ३ | गरुवा मादले माझबारी चाउरीबारी सिंचाइ योजना | गरुवा मादले सिचाई | १,३५,६२०.०० |
| ४ | कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालन व्यवस्थापन खर्च (पालिकास्तरिय योजना र पालिका तथा स्वास्थ्य सस्था स्तरिय सुपरिवेक्षण) | ज.स्वा.नि. पुष्कर कट्टेल | २०६०००.० |

| | | | |
|---|---|---|---|
| | | जम्मा | ११,८७,४२०.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,८७,४२० |

१५ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरिएको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका कार्यक्रमम १२ निर्माण व्यवसायीलाई रु.११३१६७१३/- पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरिएको फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ।

| क्र.स. | पेश्कीको विवरण | निर्माण व्यवसायीको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | माई पर्यापर्यन सिटी विकास परियोजना | एपेक्स खनाल जे.भी. | १८,००,०००.०० |
| २ | वडा नं.१, ३, ४, ५, ६, ८, १० वडा कार्यालय भवन निर्माण | सुमिक निर्माण सेवा प्रा.लि. | २१,१०,०००.०० |
| ३ | वडा नं.१, ३, ४, ५, ६, ८, १० वडा कार्यालय भवन निर्माण | गिरी निर्माण सेवा | ५,००,०००.०० |
| ४ | गैर आवासीय भवन निर्माण/खरिद | एपेक्स खनाल जे.भी. | १५,००,०००.०० |
| ५ | बाघेटार भस्मे भारते कटहरे काबेलीटार डडुइ सम्म स्तरउन्नती वडा नं ६ | आचार्य कन्ट्रकन्सन | ६,००,०००.०० |
| ६ | माई नपा ८ को नगर गौरवको सडक स्तर उन्नती योजना | नुमा निर्माण सेवा प्र.ली | ७,००,०००.०० |
| ७ | लामपाते खोल्सी हुँदै थाक्ले वडा कार्यालय जाने बाटो वडा नं ५ | माई भगवती कन्स्ट्रक्सन | ८,८०,०००.०० |
| ८ | बँगैचा ढोडेनी हुँदै सालबोटे धारापानी लुम्बक सु न पा १४ जोड्ने सडक स्तरउन्नती वडा नं. १० | भोज्क निर्माण सेवा | ६,७९,०००.०० |
| ९ | घुम्ती सधुवा हुँदै रावली गाउँ माझीटार सडकस्तरउन्नती वडा नं १ | माई भगवती कन्स्ट्रक्सन | ४,६१,७१३.०० |
| १० | मुडुला खोल्सी — वडा कार्यालय — भण्डारी गोलाई गेवार डाँडा छेउघरे भट्टराई खोल्सी प्रेम राईको घरदेखि कंचनजंघा आ वि सम्म सडक स्तरउन्नतीवडा नं ७ | इलाम गजुरमुखी निर्माण सेवा | ७,६०,०००.०० |
| ११ | मुडुला खोल्सी — वडा कार्यालय — भण्डारी गोलाई गेवार डाँडा छेउघरे भट्टराई खोल्सी प्रेम राईको घरदेखि कंचनजंघा आ वि सम्म सडक स्तरउन्नतीवडा नं ७ | इलाम गजुरमुखी निर्माण सेवा | ५,८०,०००.०० |
| १२ | मुसेटारबाट सोराली गाउ हुँदै सेरोसम्म बाटो कालोपत्रे | लालीगुराँस निर्माण सेवा | ७,४६,०००.०० |

| | | | |
|---|---|---|---|
| | वडा नं ३ | | |
| | | जम्मा | १,१३,१६,७१३.०० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१६ **थप कर्मचारी - ........... प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.१६९४५००।-सम्परीक्षण गरिएको ।**

१७ **मू. अ. कर समायोजन वेगर धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा धरौटी रकम फिर्ता सम्वन्धी व्यवस्था छ । पालिकाले निम्नानुसारका निर्माण व्यवसायीको गत विगत वर्षको धरौटी रकम फिर्ता गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार निर्माण व्यवसायीले सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट जारी मूल्य अभिवृद्धि कर समायोजनको पत्र पेश गरे पश्चात मात्र धरौटी रकम फिर्ता गर्नुपर्नेमा सो नगरिएको निर्माण व्यवसायीले पेश गरेको निवेदनको आधारमा मात्र धरौटी रकम फिर्ता गरेको देखिएकोले निम्नानुसारका व्यवसायीवाट मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु

| **क्रम संख्या** | **गो भौ नं मिति** | **निर्माण व्यवसायीको नाम** | **धरौटी रकम** |
|---|---|---|---|
| १ | ७।२०७९।४।२५ | पुनम निर्माण सेवा | १५१५८६ |
| २ | १०।२०७९।४।२९ | दुर्गा लक्ष्मी श्रेष्ठ निर्माण सेवा | २२५७४ |
| ३ | १३।२०७९।५।२ | भोज्क निर्माण सेवा | ४४६३१० |
| ४ | १४।२०७९।५।६ | झरिपा निर्माण सेवा | १२२७५३ |
| ५ | १९।२०७९।५।२२ | धिताल कन्स्ट्रक्सन | ६५०९७ |
| ६ | २०।२०७९।५।२२ | धिताल कन्स्ट्रक्सन | २२५२७ |
| ७ | २१।२०७९।५।२३ | आले निर्माण सेवा प्रा लि | ६२९०६ |
| ८ | २२।२०७९।५।२७ | के डि आर निर्माण सेवा | २७५०० |
| **जम्मा** | | | **९२१२५३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२१,२५३ |

१८ **धरौटी तर्फ -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १०

अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म.ले.प.फा.नं. ६०२), अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म.ले.प.फा.नं. ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन । नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानुनबमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९ **नगर शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरिएको सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरिएको शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका १२ विद्यालयका १४ शिक्षकलाई राजश्व बाँडफाँड शिर्षकवाट रु. ३०७४५००।०० तलब भत्ता अनुदान दिएको पाईयो । यसरी दरवन्दी तथा राहत कोटा प्राप्त नगरेका विद्यालयलाई अनुदान उपलब्ध गराउनसक्ने व्यवस्था भएता पनि उक्त कोटा प्राप्त विद्यालयमा शिक्षक विद्यार्थी अनुपात समेत विश्लेषण नगरिएको शिक्षकको तलवभत्ता शिर्षकमा अनुदान दिएको नियमसम्मत देखिएन । ऐन, नियममा भएको व्यवस्थाको परिपालनामा पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन छात्रवृत्ति - - ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.५००,०००।-सम्परीक्षण गरिएको ।)**

२१ **फरक खर्च शिर्षक - ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.२३७४५१।-सम्परीक्षण गरिएको ।)**

२२ **गरुवा क्याम्पसलाई अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक विद्यालय तहसम्म तलव तथा अन्य विद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ। नगरपालिकाले यस वर्ष गरुवा क्याम्पसलाई तलव भत्ता प्रयोजनको रु.३३९३४६६।०० र भवन निर्माण कार्यको लागि नपुग रकम भनी रु.५०३०८७।०० गरिएको कुल रु.३८९६५५३।०० अनुदान दिएको पाइयो। यसरी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगवाट समेत अनुदान पाउने अवस्थामा नगरपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्पसलाई तलव भत्ता शिर्षकमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३३,९३,४६६ |

२३ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र

कार्यबोझको विश्लेषण गरिएको संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ९१ जना कर्मचारीहरु करारमा राखी रु.२९५११०००।०० खर्च लेखेको छ ।

त्यसैगरिएको सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित तथा विभिन्न कार्यक्रम तथा स्वास्थ्यतर्फ वाहेक विभिन्न पदमा ७ जना करार कर्मचारी नियुक्त गरिएको बर्षभरीमा रु.३२७९९४७।०० भुक्तानी गरेको देखिएकोले स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **रकमान्तर** -आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ। यस पालिकामा नगर सभाको निणर्य बमोजिम विभिन्न शीर्षकमा कुल रू.२ करोड ८३ लाख ७० हजार अर्थात विनियोजित बजेट रु.३७ करोड ७४ लाख ६ हजारको ७.५२ प्रतिशत रकमान्तर गरिएको खर्च गरेको छ। विनियोजित शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरिएको खर्च गरेको उपयुक्त देखिएन। यसमा सुधार हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरिएको लागू गरेको समेत छैन।
• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१९ करोड ५७ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **शसर्त अनुदान फिर्ता - ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.११,००,०००।- सम्परीक्षण गरिएको ।)**

२७ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरिएको तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरिएको विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु १० हजार देखि रु ५० हजारसम्म जम्मा रु.१५ लाख ७० हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्टयाई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने

प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **कर दायित्व -** पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्त विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.१३१९६.० देखाएको छ। मर्मत सम्भार कोषबाट खर्च लेखिएकोमा विविधकोष अन्तरगत मर्मत सम्भार कोष राखि खर्च लेखी करकट्टी गरिएकोएकोले उक्त मर्मत सम्भार कोषमा करकट्टी सुत्रमा बाँकी देखिएको तर करकट्टी रकम बाँकी नरहेको पालिकाको भनाई रहेको भएता पनि यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १३,१९६ |
|---|---|

२९ **बैङ्क हिसाव विवरण -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरिएको बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन। पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ।

| **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४६२१९३२१.७३ | ४६२१९३२१.७३ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | २५१२१११.० | २५४६९८४.० | ३४८७३.० |
| प्रकोप व्यवस्थापन खाता | ३०२८३९१.० | ३०२८३९१.० | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| धरौटी मौज्दात | १५०६१२८०.२० | १५३७५३७६.२० | ३१४०९६.० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | २१२१८८२.८४ | २१२१८८२.८४ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| आन्तरिक अनुदान | ० | ० | ० |
| विविध कोष खाता | ३९००१७६.५४ | ३९००१७६.५४ | ० |
| **बैङ्क मौज्दात** | **७०७२१२८०.४७** | **७३१९२१३२.३१** | **२४७०८५१.८४** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरिएको स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३० **फरक जिम्मेवारी -** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरिएको हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१३,९१,१८,२३०.६५ मौज्दात रहेकोमा पालिकाले पेश गरेको एकिकृत आ.वि. तथा बैक स्टेटमेन्ट अनुसार मौज्दात रु.१०१०५६८६५.०५ रहेको देखियो। गत वर्ष एकिकृत आर्थिक विवरण तयार नगरेको र प्रतिक्रयाबाट मौज्दात रकम सम्परिक्षण गरेकोले जिम्मेवारी घटेको पालिकाको भनाई रहेको छ। जसले गर्दा गत वर्षको म.ले.प. प्रतिवेदनमा उल्लेख भएको बैक मौज्दात र एकिकृत आर्थिक विवरण तथा बैक स्टेटमेन्ट अनुसार रु.३८०६१३६५.६० जिम्मेवारी फरक परेको देखियो।

सैद्धान्तिक बेरुजु

३१ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरिएको एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.२३०६३८९०.०४, यस वर्षको प्राप्ति रु.१९४३८९४१२.५० यस वर्षको भुक्तानी रु.१८८०७४७०८.० र बैङ्क मौज्दात रु. ३३५७७३.० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरिएको म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति (आय)** | **यसवर्षको भुक्तानी (व्यय)** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १२४१२०७५५.०९ | ५१९३९८३३३.०९ | ५५५७०००५३.३७ | ७०७३४४७६.२७ |
| एकीकृत आर्थिक विवरण अनुसार | १०१०५६८६५.०५ | ७१३७८८१४५.५९ | ७४३७७४७६१.३७ | ७१०७०२४९.२७ |
| फरक | २३०६३८९०.०४ | १९४३८९४१२.५० | १८८०७४७०८.० | ३३५७७३.० |

फरक देखिएको सम्बन्धमा हिसाब मिलान विवरण पेश हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरिएको सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा

संरक्षणको रु.११५१७३००७।— र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.४८२९२३१४।— समेत गरिएको रु.१६३४६५३२१।— सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिएकोसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **सेवा प्रवाह -** सुशासन ऐन २०६४ र नियमावली २०६५ अनुसार सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन। पालिकाले यी व्यहोरालाई समेत ध्यान दिई उपयुक्त तरिका, बिधि अपनाई सेवाग्राही मैत्री सेवाप्रवाह गर्नुपर्दछ।

¬ टोकन प्रणाली लागू नगरेको, घरजग्गाको लगत नरहेको,

¬ पालिका भित्र रहेका साविक देखिका कृषि, पशु, स्वास्थ्य, गाउँ विकास समिति, विद्यालयका भवन, सामुदायिक भवन लगायतका संरचनाको अधिकतम उपयोग हुने गरिएको सेवा प्रवाहमा आवद्ध गर्नुपर्ने,

¬ वडा कार्यालय समेतमा नागरिएकोक वडापत्र नराखेको।

¬ स्वास्थ्य संस्था नियमन नगरेको तथा ×घ" बर्गको इजाजत पत्रको अभिलेख नराखेको।

¬ सार्बजनिक सुनुवाई कार्यक्रम संचालन नगरेको।

¬ पालिकाले ऐन, नियम तथा कानून निर्माणको अभिलेख नराखेको ।

¬ सभाले तोकेको केही कार्यक्रम संचालन नगरेको।

पालिकाले वार्षिकरुपमा सम्पादन गरेका कार्यहरुको प्रगति विवरण तयार नगरेको।

सैद्धान्तिक बेरुजु

३५ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक आय रु.१ करोड ६२ लाख १९ हजार रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.४१ लाख ९५ हजार र सभा संचालन खर्च रु.३ लाख ३२ समेत यस वर्ष रु.४५ लाख २७ हजार खर्च गरेको पाईयो। जुन आन्तरिक आयको

२७.९१ प्रतिशत देखिएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरिएको रु.४८४७८५८.० भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरिएको बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **संघीय संचितकोष दाखिला नभएको - ✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.६,८८,६९९।-सम्परीक्षण गरिएको ।)**

३८ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ।यस बर्ष पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणमा रु.११५१७३००७।०० खर्च गरेकोमा यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

३८.१ एम.आई.एस.प्रणालीः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरिएको अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउँदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउन ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३८.२ लाभग्राहीको विवरण प्रविष्टि गर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिएकोरहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरिएको नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिएको निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरिएको भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिएकोने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या वरावर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरिएको गएका,

मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। निर्देशिका वमोजिम लगत अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८.३ **पारदर्शिता र जवाफदेहिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरिएको यस पालिकाले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।

सैद्धान्तिक बेरुजु

३८.४ **सार्वजनिक सुनुवाई-** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरिएको नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरिएको लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी वन्द गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८.५ **निरीक्षण तथा अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरिएको निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरिएको भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिएकोकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत बाटो मर्मत तथा नाला सफाई गर्ने जस्ता १६ वटा योजना सञ्चालन गरिएको यस वर्ष २१३ जनालाई औसत ५६ दिनले १२३४६ दिन रोजगारी उपलव्ध गराई रु.७१२३६४२.० श्रमिक ज्याला खर्च गरेको छ ।

पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरिएको योजना छनौट गरिएको कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **खर्चको पुष्ट्याई - ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।१९ को निर्णयबाट रु.१९८,३१६।- सम्परीक्षण गरिएको ।)**

४१ **लघु उद्यम विकास कार्यक्रम -**

४१.१ **✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। १।१२ को निर्णयबाट रु.८,३०,९८४।- सम्परीक्षण गरिएको ।)**

४१.२ पालिकाले प्रविधि हस्तान्तरण बापत रु.१४००००.० को कृषि लगायतका अन्य सामाग्रीको प्रविधि हस्तान्तरण गरिएको प्रवर्द्धन गरिएकोएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेमा सो को विवरण पेश नगरेकोले हाल उक्त सामाग्रीहरुको सहि सदुपयोग भएको छ भन्ने कुरामा विश्वस्थ हुने अवस्था छैन। साथै पालिकाले उक्त सामाग्रीको सहि सदुपयोग भए नभएको निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।

४२ **परामर्श तथा डीपिआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरिएको प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| Detail Topographic Survey,Geotechnical Investigation,Engineering Design,Cost Estimates of Hostel Buildin of Jana Siddha Aa. Bi. School Building | शान्ता कन्सलटटेन्टस प्रा. लि. | ९९८४५७.२ | ९८५३६०. |
| जम्माः | | ९९८४५७.२ | ९८५३६०. |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै डी.पी.आर. प्रतिवेदन पालिकाको सम्पत्तिको रुपमा अभिलेखाङ्कन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४३ **कर छुट ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८१। १।१९ को निर्णयबाट रु.२५,२६५।- सम्परीक्षण गरिएको ।)**

४४ **अग्रिम आयकर कट्टा नभएको** - आयकर ऐन, २०५८ को नियम ८८ मा भुक्तानीमा अग्रिम आयकर लगायतका करहरु कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ७३८।२०८०।३।२४ वाट वाघचौरी माडहिम निर्माण

उपभोक्ता समितिलाई लाई रु.९९८७४४।०० भुक्तानी दिएकोमा अग्रिमा आयकर वापतको रु.१०७९१।००, सामाजिक सुरक्षा कर वापत रु.२९८७।००, वहाल कर वापत रु.१४४६०।००, मर्मत संभार शुल्क वापत रु.२००००।०० र अन्य कट्टी वापत रु.३३२८ गरिएको कुल रु.५१५६६।०० कट्टा गरिएको भुक्तानी दिनुपर्नेमा सो गरेको नपाइएकोले सम्वन्धित उपभोक्ता समितिवाट असूल गरिएको सम्वन्धित राजश्व शिर्षकमा जम्मा गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,५६६ |

४५ **इन्धन खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने तथा पेश हुन आएका विल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले भुक्तानी गर्नु अघि प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले अवलोकन भ्रमण कार्यक्रमको लागि गाडीको सम्झौता गर्दा सात दिनको प्रतिगाडी रु.१४००००।०० को दरले दुईवटा गाडीसँग सम्झौता भएता पनि सम्झौतामा इन्धन खर्च सम्वन्धमा केही उल्लेख भएको पाइएन । यसरी इन्धन खर्च वापतको रकम पालिकाले व्यहोर्ने वा सवारीधनीले व्यहोर्ने भन्ने स्पष्ट उल्लेख नभएको अवस्थामा विभिन्न मितिको इन्धनको विलवाट रु.१६०७११।०० इन्धन खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६०,७११ |

४६ **वढी भुक्तानी** - प्रदेश नं १ प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी कार्यविधि, २०७५ मा सार्वजनिक निकायद्बारा संचालन गरिएकोने तालिम, सेमिनार, गोष्ठी कार्यशाला लगायतका कार्यक्रम गर्दा गरिएकोने खर्चको नर्म्स सम्वन्धि व्यवस्था छ । नमूना छनौटका आधारमा केही तालिममा भएको खर्चको परीक्षण गर्दा कार्यविधिले तोकेको नर्म्सभन्दा वढी खर्च गरेको पाइएकोले निम्नानुसारका तालिक कार्यक्रममा नर्म्सभन्दा वढी खर्च लेखेको पाइएकोले वढी खर्च लेखेको रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.

| क सं | भौ नं मिति | संचालित तालिमको नाम | पेश्की/सोधभर्ना लिनेको नाम | भुक्तानी पाउनेको नाम | सेसन संख्या | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | करकट्टी पछिको वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४०८।२०७९।११।२५ | सहकारी सम्वन्धि कोपो मिक्स तालिम तथा रेकर्ड व्यवस्थापन | लक्ष्मण भुर्तेल | नविन मैनाली | १६ | २५६०० | ६४० ०० | ३२६४० |
| २ | ६७३।२०८०।३।१७ | वाल शिक्षकलाई तालिम | सिता देवी लावती | प्रतिमा पाण्डे | १२ | १६८०० | २४० ०० | ६१२० |
| ३ | ७३७।२०८०।३।२४ | सामुदायिक | ज्ञानेन्द्र रेग्मी | अजित | २४ | ३३६०० | ४८० | १२२४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | वनको राजश्व अभिवृद्धि कार्यक्रम | | खत्री | | | ०० | |
| ४ | ७३७।२०८०।३।२४ | सामुदायिक वनको राजश्व अभिवृद्धि कार्यक्रम | ज्ञानेन्द्र रेग्मी | रोहित नेपाल | २४ | ३३६०० | ४८० ०० | १२२४० |
| ५ | ७३७।२०८०।३।२४ | सामुदायिक वनको राजश्व अभिवृद्धि कार्यक्रम | ज्ञानेन्द्र रेग्मी | ज्ञानेन्द्र रेग्मी | ४ | ४००० | ८०० ० | ३२८० |
| | **जम्मा** | | | | | | | ६६५२० |

**(प्रारम्भिक प्रतिवेदन उपर असूल पेश भएको आधारमा मिति २०८०।१२ ।१९ को निर्णयबाट रु. ३२८०।- सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,५२० |

४७ **सम्झौताभन्दा वढी भुक्तानी** - आयकर ऐन, २०५८ को दफा ८८ मा वहाल कर सम्वन्धी व्यवस्था छ । सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीको स्थलगत अवलोकन भ्रमण कार्यक्रमको लागि मिति २०८०।२।१७ देखि २०८०। २।२४ सम्म भाडामा लिएका दुईवटा वसको सम्झौता रकममा १० प्रतिशतले वहाल कर कट्टा गरिएको भुक्तानी दिनुपर्नेमा सम्झौता रकमभन्दा वढी रकम वजेट खर्च लेखी सो रकमवाट कर कट्टा गरिएको भुक्तानी दिएको पाइएकोले सम्झौता भन्दा वढी भुक्तानी भएको निम्नानुसारको रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.

| संख्या | सवारी साधन नं | सम्झौता रकम | भुक्तानी रकम | कर कट्टी पछिको वढी भुक्तानी |
|---|---|---|---|---|
| १ | प्रदेश १ ०१ ००१ ख ३४११ | १४०००० | १५५६०० | १४००० |
| २ | प्रदेश १ ०१ ००१ ख ३४१० | १४०००० | १५५६०० | १४००० |
| **जम्मा** | | | **३११२००** | **२८०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,००० |

४८ **छुर्पी प्रवर्द्धन कार्यक्रम –**

४८.१ **अनुगमन तथा प्रगति प्रतिवेदन - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। १।२३ को निर्णयबाट रु.९४७९९७।-सम्परीक्षण गरिएको ।)**

४८.२ **छुट ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०। १२।१९ को निर्णयबाट रु. १,९०,२०० ।-सम्परीक्षण गरिएको ।)**

४९ **कार्यक्रम स्वीकृत वेगर खर्च - छुट ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। १।१२ को निर्णयबाट रु.१२,४४,२१५।-सम्परीक्षण गरिएको ।)**

५० **स्वास्थ्य वीमा -** स्वास्थ्य वीमाः स्वास्थ्य वीमा नियमावली २०७५ मा प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारबाट अनुदान प्राप्त गरिएको वा आफ्नै स्रोतवाट आर्थिक रुपले विपन्न तथा गरिएकोव लगायतका लक्षित वर्गको लागि स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्नसक्ने तथा सोको लागि नेपाल सरकारले थप योगदान रकम नव्यहोर्ने उल्लेख छ । पालिकाले यस वर्ष विपन्न परिवारको स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत निम्नानुसारका विभिन्न २३१७ घर परिवारको वीमा गरे वापत स्वास्थ्य वीमा वोर्डलाई रु.७९९०५००।०० भुक्तानी गरेको पाइयो ।

| **क्रम संख्या** | **विवरण** | **संख्या** | **रकम** |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालयका विद्यार्थी | १८०९ | ६३३१५०० |
| २ | अपाङ्ग | २१४ | ७४९००० |
| ३ | महिला स्वास्थ्य स्वयंसेविका | ६८ | ११९००० |
| ४ | चिया मजदुर | ५३ | १८५५०० |
| ५ | जेष्ठ नागरिएकोक | १७३ | ६०५५०० |
| जम्मा | | | ७९९०५०० |

यसरी पालिकाले सामुदायिक विद्यालयका १८०९ विद्यार्थीको परिवारको वीमा तथा नवीकरण वापत रु.६३३१५००।०० २१४ अपाङ्ग परिवारको वीमा तथा नवीकरण वापत रु.७४९०००।०० ६८ महिला स्वास्थ्य स्वयंसेविकाको परिवारको वीमा वापत रु.११९०००।००, ५३ चिया मजदुरको परिवारको वीमा वापत रु.१८५५००।०० तथा १७३ जना ६० वर्ष माथीमा जेष्ठ नागरिएकोकका परिवारको वीमा वापत रु.६०७५००।०० गरिएको कुल रु.७९९०५००।०० खर्च गरेकोमा विपन्न लक्षित वीमा कार्यक्रम भएता पनि वास्तविक विपन्न परिवार पहिचान नगरिएको वीमा कार्यक्रमा सञ्चालन गरेको पाइयो । यसरी विपन्न परिवारको वीमा कार्यक्रमको लागि विनियोजन भएको रकम खर्च गर्दा वास्तविक विपन्न परिवार एकीन नगरिएको सम्पूर्ण सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको परिवारको वीमा गर्नुको साथै ७० वर्ष माथीका जेष्ठ नागरिएकोकको वीमाको प्रिमियम नेपाल सरकारले व्यहोरी रहेको अवस्थामा कार्यक्रमको उद्देश्य अनुरुप विपन्न परिवार पहिचान गरिएको स्वास्थ्य वीमाको दायरामा समेट्नुपर्नेमा सो नगरिएको पालिकाले पुनः ६० वर्ष माथीका जेष्ठ नागरिएकोकलाई यस कार्यक्रममा समेटेको पाइयो । यसरी कार्यक्रमा सञ्चालन गर्दा कार्यक्रमको दोहोरोपना हुने हुँदा उद्देश्य अनुरुप वास्तविक लक्षित वर्ग पहिचान गरिएको कार्यक्रम सञ्चालन गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५१ **सोझै खरिद छुट ✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.३२,९१,०९५।- सम्परीक्षण गरिएको ।)**

५२ **अंग्रेजी माध्यमका पाठ्यपुस्तक खरिद -**

५२.१ शिक्षा बिज्ञान तथा प्रविधी मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरिएकोएको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ मा विद्यार्थी संख्याको आधारमा पाठ्यपुस्तकको रकम निकासा पठाउनु पर्ने व्यवस्था वमोजिम पालिकाले संघीय शसर्तवाट वजेट निकासा पठाएको छ । तर पालिकाले अंग्रेजी माध्यमवाट पढाई हुने विद्यालयलाई अनुदान शिर्षकमा अंग्रेजी पाठ्यसामग्री खरिद कार्यको लागि कक्षा १-३ को लागि प्रति विद्यार्थी रु.५०० तथा कक्षा ४-५ को लागि प्रति विद्यार्थी रु.५५० को दरले पालिकाका विभिन्न २२ विद्यालयलाई गो भौ नं ६४९।२०८०।३।१९ वाट रु.४९६०५०।०० भुक्तानी दिएको देखियो । यसरी पाठ्यपुस्तक खरिद कार्यको लागि दोहोरो निकासा भएको देखिएकोले भुक्तानी भएका २२ विद्यालयमा कुन कुन विषयको पाठ्यपुस्तक अंग्रेजी माध्यमको पढाई हुने हो सो को एकीन गरिएको ती विषयहरुमा दोहोरो भुक्तानी भएको रकम असूल फिर्ता हुनुपर्ने रु.४९६०५०।००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९६,०५० |

५२.२ वास्तविक विद्यार्थी संख्याभन्दा वढि निकासाः अंग्रेजी पाठ्यपुस्तकको लागि रकम निकासा गर्दा निम्नानुसारका विद्यालयमा वास्तविक विद्यार्थी संख्याभन्दा वढी संख्या देखाई रकम निकासा गएको पाइएकोले वढी निकासा भएको निम्नानुसारको रकम सम्वन्धित विद्यालयवाट असूल हुनुपर्ने रु.

| **क्रमसंख्या** | **विद्यालयको नाम** | **वढी विद्यार्थी संख्या** (कक्षा १-३) | **रकम** | **वढी विद्यार्थी संख्या** (कक्षा ४-५) | **रकम** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | गरुवा आ वि | ८ | ४००० | १३ | ७१५० | ११११५० |
| २ | हिमालय मा वि | १४ | ७००० | १४ | ७७०० | १४७०० |
| **जम्मा** | | | | | | **२५,८५०/-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,८५० |

५३ **शिक्षक दरबन्दी र पदपूर्ति-** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सं.कक्षा | जम्मा शिक्षक | जम्मा विद्यार्थी १-१२ | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | अम्लिसे भङ्याङ आ.वि. | माई—१ | १—५ | ३ | ३९ | १३ |
| २ | आदर्श आ.वि. | माई—९ | १—५ | ३ | ५५ | १८ |
| ३ | आदर्श बुद्ध आ.वि. | माई—१ | १—५ | ३ | ५६ | १९ |
| ४ | कञ्चनजंघा आ.वि. | माई—७ | १—३ | १ | १६ | १६ |
| ५ | कन्काई मा.वि. | माई—२ | १—१२ | २२ | ८१६ | ३७ |
| ६ | कन्काई सरस्वती आ.वि. | माई—२ | १—३ | १ | ३ | ३ |
| ७ | कामना आ.वि. | माई—२ | १—५ | ४ | ५५ | १४ |
| ८ | कृष्ण मा.वि. | माई—५ | १—१० | ९ | १०५ | १२ |
| ९ | कैलाश आ.वि. | माई—१० | १—५ | ३ | ६४ | २१ |
| १० | गंगादेवी आ.वि. | माई—५ | १—५ | २ | २९ | १५ |
| ११ | गरुवा आ.वि. | माई—४ | १—८ | ६ | २८० | ४७ |
| १२ | गुनमुने आ.वि. | माई—९ | १—५ | ४ | ५९ | १५ |
| १३ | गौरीशंकर आ.वि. | माई—८ | १—३ | १ | १३ | १३ |
| १४ | चन्द्रज्योति आ.वि. | माई—३ | १—५ | ५ | ६० | १२ |
| १५ | चन्द्र सूर्य आ.वि. | माई—१ | १—५ | ४ | ५८ | १५ |
| १६ | जनकल्याण आ.वि. | माई—५ | १—५ | ४ | ४४ | ११ |
| १७ | जनता मा.वि. | माई—९ | १—१२ | १४ | ३१५ | २३ |
| १८ | जनता आ.वि. | माई—८ | १—५ | २ | २३ | १२ |
| १९ | जन सिद्ध आ.वि. | माई—८ | १—५ | ४ | ६१ | १५ |
| २० | जनसेवक आ.वि. | माई—९ | १—५ | ३ | ३८ | १३ |
| २१ | जोर पोखरी आ.वि. | माई—८ | १—३ | १ | १७ | १७ |
| २२ | त्रिभुवन आ.वि. | माई—४ | १—५ | ६ | ६१ | १० |
| २३ | दिपज्योति आ.वि. | माई—४ | १—५ | ३ | २८ | ९ |
| २४ | दिपज्योति आ.वि. | माई—६ | १—५ | ३ | ३८ | १३ |
| २५ | बालकल्याण आ.वि. | माई—२ | १—५ | ३ | ४९ | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | बालप्रगति आ.वि. | माई—५ | १—३ | १ | १४ | १४ |
| २७ | बालमन्दिर आ.वि. | माई—३ | १—५ | ३ | ५१ | १७ |
| २८ | बुद्ध आ.वि. | माई—७ | १—५ | ५ | १०० | २० |
| २९ | भगवती मा.वि. | माई—६ | १—१२ | १३ | ३९२ | ३० |
| ३० | युवावर्ष मा.वि. | माई—१ | १—१० | ११ | २५९ | २४ |
| ३१ | लक्ष्मी आदर्श मा.वि. | माई—८ | १—१२ | १४ | ३७८ | २७ |
| ३२ | लक्ष्मी जनता आ.वि. | माई—५ | १—३ | १ | २० | २० |
| ३३ | लक्ष्मी विद्या भवन आ.वि. | माई—५ | १—८ | ७ | ८५ | १२ |
| ३४ | विन्ति विनायक आ.वि. | माई—६ | १—८ | ७ | १८० | २६ |
| ३५ | विरेन्द्र मा.वि. | माई—७ | १—१० | ११ | ३१७ | २९ |
| ३६ | शिशुसेवा मा.वि. | माई—२ | १—१० | १० | १६७ | १७ |
| ३७ | श्रीजंघा आ.वि. | माई—६ | १—५ | २ | ४२ | २१ |
| ३८ | संकल्प आ.वि. | माई—५ | १—५ | ३ | ४० | १३ |
| ३९ | सरस्वती मा.वि. | माई—३ | १—१० | १२ | २३२ | १९ |
| ४० | सिंहआदर्श आ.वि. | माई—१० | १—८ | ८ | ९६ | १२ |
| ४१ | सिंहदेवी आ.वि. | माई—६ | १—५ | २ | १७ | ९ |
| ४२ | सिंहदेवी आ.वि. | माई—४ | १—५ | १ | १० | १० |
| ४३ | सूर्योदय आ.वि. | माई—५ | १—८ | ६ | ९२ | १५ |
| ४४ | हिमालय मा.वि. | माई—१० | १—१० | ९ | १४६ | १६ |
| | जम्मा दरबन्दीसङ्ख्या | | | २४० | ५०३३ | २१ |

शिक्षक दरबन्दी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **शिक्षकको अभिलेख-** शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा

बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरिएको राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरिएको सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरिएको निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **विद्यालयगत निकासा खाता -** विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरिएको विद्यालयगत निकासा खाता अद्याबधिक गरिएको राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरिएको भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरिएको (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरिएको विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५६ **छात्रावृत्ति अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१.मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरिएको मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.५९०१००.० निकासा गरेको छ। IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरिएको विद्यार्थी संख्या मात्र यकिन गरिएको छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गरिएको प्रतिवेदन पेश गर्नुपर्दछ।

साथै पालिकाले ४४ वटा विद्यालयलाई निकासा गरेकोमध्ये ४ वटा विद्यालयले सम्बन्धित छात्राहरुलाई वितरण गरेको भरपाई भन्दा रु.८८००.० बढी निकासा गरेको देखियो। उक्त रकम बेरुजु खातामा दाखिला हुनुपर्नेमा विद्यालयले पालिकाको खातामा दाखिला गरेको देखिएकोले उक्त रकम वेरुजु खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८०० |

५७ **निःशुल्क पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम

तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरिएको नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरिएको उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका ४४ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम रु.२५३३२६८.० बैशाख महिनामा मात्र निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरिएको असार महिनामा थप रु.४५७४१९.० निकासा सहित जम्मा रु.२९९०६८७.० अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.२९९०६८७.० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरिएको पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

बढी निकासाः पालिकाले देहायका विद्यालयलाई निःशुल्क पाठ्यपुस्तक को अनुदान रकम सम्बन्धित विद्यालयले पेश गरेको विल भरपाई भन्दा बढी रु.१५१०३.८० निकासा भएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असूल/फिर्ता गरिएको संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु...

| क्र.स. | विद्यालयको नाम | निकासा भएको रकम | विलभरपाईको रकम | बढी निकासा रकम |
|---|---|---|---|---|
| १ | श्री आदर्श बुद्ध आ.वि. | २४६४९.५० | १९९५१.० | ४६९८.५० |
| २ | श्री गौरी शंकर आ.वि. | १०४४३.७५ | ९४६९.० | ९७४.७५ |
| ३ | श्री जनसिद्ध आ.वि. | २६२४५.२५ | २५८९८.० | ३४८.२५ |
| ४ | श्री बालकल्याण आ.वि. | २१५९४.२५ | १३५६५.० | ८९४.२५ |
| ५ | संकल्प आ.वि. | १४४५९.२५ | १३५६५.० | ८९४.२५ |
| ६ | सिघं आदर्श आ.वि.माई १० | ४९१५६.५० | ४४८४५.० | ४३११.५० |
| ७ | सिघं देवी आ.वि.माई ४ | ४१५०.५० | ३३४२.० | ८०८.५० |
| ८ | सिघं देवी आ.वि.माई ६ | ७४०१.७५ | ५२०१.० | २२००.८० |
| | | | जम्मा | १५१०३.८० |
| | | | असुल गर्नुपर्ने | १५,१०३.८ |

५८ **वितरणको भरपाई- छुट ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। १।२३ को निर्णयबाट रु.५,००,०००।-सम्परीक्षण गरिएको ।)**

५९ **नेट जडानः छुट ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।१९ को निर्णयबाट रु.५,२८,०००।-सम्परीक्षण गरिएको ।)**

६० **दिवाखाजा -** कार्यक्रमकार्यान्वयन पुस्तिका२०७९।८० को क्रियाकलापनं.२.७.११.१ मा उल्लेखभए अनुसार दिवाखाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने, स्थानीयतहले दिवाखाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपि बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यवस्थापन खर्च समितिका अध्यक्षबाट प्रमाणित गराईIEMIS को तथ्याङ्क सत्यापन गराई विद्यार्थी संख्याएकिन गरिएको निकासादिने र उक्त निकासा रकमको सहि सदुपयोग भए नभएको पालिकाबाट अनुगमन गर्ने व्यवस्था उल्लेखछ। पालिकाले४४ वटा विद्यालयलाई न्यूनतम १५७ दिन देखि अधिकतम १९१ दिनसम्मको लागि रु.५३६५०९५.० निकासा गरेको छ। उक्त निकासा भएको रकमबाट सबै विद्यालयमा दिवा खाजा संचालन भए नभएको तथा उक्त रकमको सहि सदुपयोग विद्यालयले गरे नगरेको सो को अनुगमन प्रतिवेदन पेश भएको देखिएन। अतः प्रत्येक विद्यालयमा अनुगमन गरिएको निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गर्नुपर्दछ। उक्त दिवा खाजा सम्बन्धी स्रेस्ता परीक्षण गर्दा देखिएका थप व्यहोरा निम्न छनः

दिवा खाजा बढी दिन संचालनः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.११.१ मा प्रारम्भिक बाल विकास देखि ६ सम्मको विद्यार्थी संख्याका लागि वार्षिक रुपमा १८० दिनका लागि मात्र बजेट व्यवस्था भएकोले सोहीलाई आधार मानि निकासा गर्ने व्यवस्था उल्लेख छ। तर पालिकाका देहायका विद्यालयहरुलाई १८० दिन भन्दा बढी दिनको बढी दिनको निम्नानुसार रु.१४९३७०.० बढी निकासा भएकोले उक्त बढी निकासा भएको रकम सम्बन्धीत विद्यालयबाट असुल।फिर्ता गरिएको संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु...

| क्र.स. | विद्यालयको नाम | निकासा भएको दिन | निकासा हुनपर्ने दिन | बढी दिन | विद्यार्थी संख्या | दर | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| १. | कन्काई मा.वि. | १८३ | १८० | ३ | ७३ | १५ | ३२८५ |
| २. | कन्काई सरस्वती आ.वि. | १९१ | १८० | ११ | ५ | १५ | ८२५ |
| ३ | कामना आ.वि. | १८४ | १८० | ४ | ७५ | १५ | ४५०० |
| ४. | कृष्ण मा.वि. | १८९ | १८० | ९ | ७० | १५ | ९४५० |
| ५. | गंगादेवी आ.वि. | १८९ | १८० | ९ | ४८ | १५ | ६४८० |
| ६. | गरुवा आ.वि. | १८८ | १८० | ८ | २४८ | १५ | २९७६० |
| ७. | गौरीशंकर आ.वि. | १८४ | १८० | ४ | ३५ | १५ | २१०० |
| ८. | जनकल्याण आ.वि. | १८८ | १८० | ८ | ६९ | १५ | ८२८० |
| ९ | त्रिभुवन आ.वि. | १८४ | १८० | ४ | ९१ | १५ | ५४६० |
| १०. | बालकल्याण आ.वि. | १८१ | १८० | १ | ६६ | १५ | ९९० |
| ११. | बुद्ध आ.वि. | १८१ | १८० | १ | १०९ | १५ | १६३५ |
| १२. | लक्ष्मी जनता आ.वि. | १८३ | १८० | ३ | ३२ | १५ | १४४० |
| १३ | विन्ति विनायक आ.वि. | १९० | १८० | १० | १२६ | १५ | १८९०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४. | विरेन्द्र मा.वि. | १९० | १८० | १० | २३० | १५ | ३४५०० |
| १५ | शिशुसेवा मा.वि. | १८१ | १८० | १ | १०४ | १५ | १५६० |
| १६. | संकल्प आ.वि. | १८७ | १८० | ७ | ३९ | १५ | ४०९५ |
| १७. | सिंहदेवी आ.वि. माई-४ | १८९ | १८० | ९ | १४ | १५ | १८९० |
| १८ | सूर्योदय आ.वि. | १८४ | १८० | ४ | ८३ | १५ | ४९८० |
| १९ | हिमालय मा.वि. | १९१ | १८० | ११ | ५६ | १५ | ९२४० |
| | | | | | | जम्मा | १४९३७० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४९,३७० |

६१ **सेनिटरी प्याड-**

**सेनिटरी प्याड-** पालिका भित्रका १७ वटा सामुदायिक विद्यालयका छात्राहरुको लागि आवश्यक पर्ने सेनिटरी प्याड खरिद बापत भौ.नं.२५३-०८०।२।२२ बाट एस.मल्टी ट्रेर्ड लिंक ईलामलाई रु.१६१५८५३.० भुक्तानी भएको स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः

६१.१ ✂ **........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१। १।१२ को निर्णयबाट रु. १६,१५,८५३ ।-सम्परीक्षण गरिएको ।)**

६१.२ **थप व्ययभार-** उक्त कार्यविधिमा उल्लेख भए अनुसार प्याडको मापदण्ड २४०±२०mm length and ६० to ७५ mm width, thickness १५±२mm हुनुपर्ने व्यवस्था उल्लेख छ। ब्लास्ट टाईम नामक पत्रिकमा उल्लेख भएको मूल्यसूचिमा २९० एमएमको प्याडलाई रु.१२०.०, २८० एमएमको प्याडलाई रु.११०.० र २४० एमएम प्याडलाई रु.१००.० अधिकतम मूल्य रहेकोमा पालिकाले खरिद गरेको प्याडमा २९० एमएम मात्र उल्लेख रहेको तर अन्य मापदण्ड उल्लेख भएको पाईएन। मापदण्ड अनुसार अधिकतम २८० एमएमको प्याड खरिद हुनुपर्नेमा २९० एमएमको प्याड खरिद बापत प्रति प्याकेट रु.२.० बढी रकम भुक्तानी भएको देखियो। अतः पालिकाले १४२२८ प्याकेट खरिद गर्दा रु.२.० का दरले रु.२८४५६.० पालिकालाई थप व्ययभार पारेको देखिएको रु....

| | |
|---|---|
| अनियमित भएको | २८,४५६ |

६१.३ सार्वजनिक खरिद नियमावली,२०६४ को ८५ मा स्वेदेशी उत्पादन सोझै खरिद गर्न सकिने र उक्त उत्पादन नेपाल गुणस्तरयुक्त हुनुपर्ने तथा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को अनुसूची १ मा उल्लेख भएको मापदण्ड अनुसार प्रचलित खरिद कानून बमोजिम खरिद गर्नुपर्ने व्यवस्था उल्लेख छ। साथै पालिकाको स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको २०८०।१।११ को निर्णयमा पत्रिकामा प्रकाशन भएको नेपाल गुणस्तरयुक्त प्रमाण प्राप्त नेपाली फर्मबाट सोझै खरिद गर्ने भनि निर्णय भएको तर खरिद गरिएकोएको प्याडमा नेपाल गुणस्तरयुक्त प्रमाण उल्लेख नभएको तथा कार्यविधि अनुसार मापदण्ड उल्लेख नभएकोले खरिद भएको प्याडको गुणस्तर तथा मापदण्ड सम्बन्धी प्रमाण पेश हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६२ **कालिखोला ५ झोलुङ्गेपुल** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा **५५** मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने सम्वन्धि व्यवस्था छ । जस अनुसार कार्यालयमा प्राप्त हुन आएको नगदी, जिन्सीको संरक्षणको प्रवन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुन्छ । यस पालिकामा माई वडा नं ५,कालिखोला झोलुङ्गे पुल निर्माणको लागि लुम्विनी इन्जिनियरिङ्ग वर्क्स प्रा.लि. वाट झोलुङ्गे पुलको सामान रु.४६३३८४९।९७ मा खरिद गरिएको २०७९।९।२९ देखि मौज्दातमा राखेको छ । यसरी मौज्दातमा रहेका सामानहरु कालिखोला झोलुङ्गेपुल निर्माण उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखियो । मिति २०८०।५।१३ गते उक्त सामानहरुको स्थलगत अवलोकन गर्दा कालिखोला ५ मा वाटोको दायाँवाँया माटोमाथी फलाम तथा स्टिलका सामान राख्दा फोटोमा देखाइएजस्तै खिया लागेर गुणस्तरमा ह्रास आएको देखिन्छ । यसरी उल्लेखित प्रावधान विपरित जिन्सी सम्पत्तिको संरक्षण नगरिएको अवपत्र अवस्थामा राख्ने जिम्मेवार पदाधिकारी र उपभोक्ता समितिलाई जवाफदेही वनाई उक्त सामग्रीको उचित प्रयोग हुनुपर्ने देखिएको रु


खरिद सामग्री हालको अवस्था













| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,३३,८५० |

६३ **सम्झौताको म्याद थप -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(१) मा खरिद सम्झौताको अवधि थप सम्बन्धि व्यवस्था गरेको छ। ऐनको उपदफा २ ले काबु बाहिरको परिस्थीति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिले निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि थप गर्न सक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावलीको नियम १२० ले आधार स्पष्ट गर्ने सिलशिलामा निर्माण व्यवसायीले कारण खुलाई निर्माण अवधि समाप्त हुनुभन्दा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा म्याद थपको लागि निवेदन दिनुपर्ने, म्याद थप गर्दा विचार पुऱ्याउनुपर्ने विषयहरु जस्तैः समयमा काम सम्पन्न् गर्न गरेको प्रयास, निकायले उपलब्ध गराउनु पर्ने कुराहरु, छानविनको क्रममा झिकाईएका कागकाज, काबु बाहिरको परिस्थीति हो होईन सो को विश्लेषण गरिएको जाँचबुझको आधारमा म्याद थपको निर्णय गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा निर्माण व्यवसायीले सम्झौता अवधि भित्र काम सम्पन्न गर्न नसकेको अवस्थामा पालिकाले माथि उल्लेखित प्रक्रिया अवलम्बन नगरिएको म्याद थपको निवेदनसम्म पनि नलिई म्याद थप गरिएकोएको पत्र उपलब्ध गराई म्याद थप गरेको पाइयो। यसरी थप भएको अवस्थामा काबु बाहिरको परिस्थीतिको कारण म्याद थप भएको हो वा होइन? निर्माण व्यवसायीको लापरवाहीले म्याद थप भएको भए हर्जना लिन पर्ने हो होईन जस्ता विषयमा विश्लेषण हुने गरेको पाइएन। यसले गर्दा निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न गर्न भग्मदुर प्रयास गरेको अवस्था समेत देखिएन। यसरी माथि उल्लेखित प्रक्रिया अवलम्वन नगरिएको ठेक्का सम्झौताको अवधि थप गर्ने जिम्मेवार पदाधिकारी र निर्माण व्यवसायी दुवैलाई जवाफदेही तुल्याई नियमको परिपालनामा उचित सजकता अपनाउनु पर्दछ। जसका केही उदाहरण निम्न छनः

| क.स. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्झौता रकम | म्याद | म्याद थप अवधि |
|---|---|---|---|---|---|---|
| १ | माई-६ सामुदायिक भवन निर्माण | इलामेली निर्माण सेवा | २०७८।९।६ | २३३२७७१.० | २०७९।३।२४ | ०७९।९।२६ |
| २ | १५ शैय्याको अस्पताल निर्माण | ओम साई राम सास देवी जे.भि. | २०७८।३।३ | १०७०२४६९३.० | २०८०।३।४ | ०८०।९।४ |
| ३ | Construction of Garuwa bridge | सतासी आर के आपाली जे.भि. | २०७७।३।२३ | २१८५८२६४.० | २०७९।३।१५ | ०७९।९।१५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **कार्य सम्पन्न प्रतिवेदन पेश नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिएकोसकेपछि सार्वजनिक निकायले खर्चको विवरण खुलाइ कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा निम्न योजनाहरु निम्न मितिमा सम्पन्न भएकोमा नियमावलीको उपरोक्त प्रक्रिया पुरा गरिएको कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरेको छैन। प्रक्रिया पुरा गरिएको कार्य सम्पन्न प्रतिवेदन तयार गरिएको स्वीकृत गर्नुपर्दछ। जसका केही उदाहरण निम्न छनः

| क.स. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता भएको मिति | काम सम्पन्न भएको मिति | यस आ. ब. सम्मको भुक्तानी |
|---|---|---|---|---|---|

| | | | | | रकम |
|---|---|---|---|---|---|
| १ | Maintenance Works of Branch Road of Mai Municipality-०१ | गिरि निर्माण सेवा | 22nd Chaitra,२०७९ | 30th Jestha, २०८० | ६४२,१७४.९३ |
| २ | Upgrading Works of Phuyal Chautara-Dhakaney Chepti Jali Kholsi Road | इलाम गजुरमुखी निर्माण सेवा | 21th Falgun,२०७९ | 20th Ashad,२०८० | ९५३९४३१.३६ |
| ३ | Construction of Dhobi Khola Culvert | एम एस निर्माण सेवा | 25th Mansir,२०७९ | 22nd Chaitra,२०७९ | ३,४७६,०२६.३६ |
| ४ | Construction of Samaltar Samudayik Bhawan | गिरि निर्माण सेवा | 6th Poush, २०७९ | 15th Ashad,२०८० | २,७७१,१२६.१६ |
| ५ | Construction of Aakpani Road Truss Bridge | पुनम निर्माण सेवा | 14th Falgun,२०७९ | 15th Ashad,२०८० | १५७१८४९.१६ |
| ६ | Upgrading Works of Kalimati Pahiro Dhakaney Culvert | पुनम निर्माण सेवा | 26th Falgun,२०७९ | 15th Ashad,२०८० | १,३६०,१८६.२४ |
| ७ | Construction of Tikaram Kholsi Culvert | दुर्गा लक्ष्मी श्रेष्ठ निर्माण सेवा | 14th Falgun,२०७९ | 11th Ashad,२०८० | १,४२४,५१८.११ |
| ८ | Upgrading Works of Chhiwa Khola-Sano Pandow-Sanguri Road | दुर्गा लक्ष्मी श्रेष्ठ निर्माण सेवा | 14th Falgun,२०७९ | 10th Baisakh,२०८० | ७५३,१९५.८५ |
| ९ | Construction of Birendra Ma. Bi. School Building | माई भगवति कन्स्ट्रक्सन प्रा. लि. | 23rd Baisakh,२०७९ | 28th Poush,२०७९ | ४३६८२८५.३६ |
| १० | Construction of Sukhani – Sukrabarey Taharo | **श्री एस. आर निर्माण कम्पनि प्रा. लि.** | 20th Baisakh,२०८० | 15th Ashad,२०८० | २,०९७,१३१.२७ |
| ११ | Construction of Laxmi Adarsha Ma. Bi. School Building | श्री आचार्य कन्स्ट्रक्सन | 4th Poush,२०७९ | 31st Baisakh,२०८० | ३,१६७,७६५.७६ |
| १२ | Construction of Lodiya Muhan to Musey Khola Thulo Kulo | श्री आचार्य कन्स्ट्रक्सन | 1st Chaitra,२०७९ | 29th Jestha,२०८० | ५८६१७७७.५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | Bihibarey Haat Bazzar Tahara Nirman in Mai Municipality-०६ | श्री आचार्य कन्स्ट्रक्सन | 20th Baisakh,२०८० | 3rd Ashad,२०८० | २९७२१६४.९८ |
| १४ | Construction of Soktim Gumba - Soktim Debithan Mandir - Soktim Church and Pakhabesi Danda Dekhi Gurung Gaun Road | श्री भान्जा रिलाएन्स निर्माण सेवा | 24th Jestha,२०८० | 21st Ashad,२०८० | ९१०५८०.८३ |
| १५ | Construction of Samudayik Bhawan in Mai Municipality-०६ | श्री ईलामेली निर्माण सेवा | 6th Chaitra,२०७८ | 26th Poush,२०७९ | २३५७८८७.१३७ |
| १६ | Construction of Samudayik Bhawan in Mai Municipality-०८ | श्री ज्योति बिन्दु निर्माण सेवा | 6th Chaitra,२०७८ | 29th Poush,२०७९ | २४३८८६०.७३ |
| १७ | Construction of Garuwa Khola Bridge | श्री सतासी-आर.के.-झापली जे.भी | 23rd Ashad,२०७७ | 14th Poush,२०७९ | २१७९०३९२.४३ |
| १८ | जनसेवा आ वि को २ कोठे भवन निर्माण उ.स. | | | | २४९२२७२.० |
| १९ | कैलास आ.वि. को २ कोठे भवन निर्माण उ.स. | | | | २४९२२७२.० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५ **हेभी इक्विपमेण्टको प्रयोग - ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु. १,३१,५१,५१०।-सम्परीक्षण गरिएको ।)**

६६ **पारिश्रमिक कर कट्टी छुट -** आयकर ऐन, २०५८ को दफा ८(१) मा कुनै आय वर्षमा रोजगारीवाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्नेछ भन्ने व्यवस्था छ भने ८(२) मा रोजगारीवाट प्राप्त पारिश्रमिक गणनामा ज्याला, तलब, विदाको रकम, अतिरिक्त समय काम गरे वापतको रकम, शुल्क, कमिसन, पुरस्कार, उपहार, वोनस लगायतका कुराहरु समावेश गर्नुपर्ने व्यवस्था छ । पालिकाको नगर अस्पतालमा कार्यरत मेडिकल अफिसर रामकृष्ण आचार्यलाई यस वर्ष तलव भत्ता वापत रु.९३५९९७।०० भुक्तानी भएकोमा पारिश्रमक कर वापत रु.५३२००।०० कट्टा गर्नुपर्नेमा सो नगरिएको सामाजिक सुरक्षा कर वापत रु.९३६०।०० मात्र कट्टा गरेको पाइएकोले कट्टा गर्न छुट पारिश्रमिक कर रु.४३८४०।०० सम्वन्धितवाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,८४० |

६७ **अतिरिक्त समय पारिश्रमिक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)

मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले २०७९ चैत्र र वैशाख महिनामा भुमीसम्वन्धी अतिरिक्त समय कार्य गरेको भनी गो भौ नं ६५३।२०८०।३।१२ वाट विभिन्न छ जना कर्मचारीलाई रु.१६१५७६।०० प्रोत्साहन भत्ता भुक्तानी गरेको देखियो । कार्यलयमा विद्युतीय हाजिरी प्रयोग नभएको अवस्थामा कार्यालय प्रमुखले २०७९ चैत्र ९ देखि कार्यालय लाग्ने दिन विहान ८ वजे देखि १० वजेसम्म तथा वेलुकी ५ वजे देखि ६ वजेसम्मा अतिरिक्त समय कार्य गर्ने भनी खटाएकोका चैत्र महिनामा १ गते देखि नै तथा सार्वजनिक विदाको दिनको समेत अतिरिक्त समय भत्ता भुक्तानी भएको देखियो । यसरी कार्यलय प्रमुखले अतिरिक्त समय नखटाएको समयको विद्युतीय हाजिरीवाट हाजिरी प्रमाणित वेगर नै अतिरक्त समय भत्ता भुक्तानी भएको निम्नानुसारको रकम सम्वन्धित कर्मचारीवाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | कर्मचारीको नाम | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | कर कट्टी पछिको वढी भुक्तानी | केफियत |
|---|---|---|---|---|---|
| १ | ओपेन्द्र खड्का | २९५०० | १८००० | ९७७० | नखटाएको अवधि तथा घर विदाको समेत भुक्तानी |

**(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।१२ ।१९ को निर्णयबाट रु.२४,६२७।- सम्परीक्षण गरिएको )**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,७७० |

६८ **वढी भुक्तानी - ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०। १२।१९ को निर्णयबाट रु.६८४६०।- सम्परीक्षण गरिएको ।)**

६९ **भ्याक्सिनेटरको पारिश्रमिक ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। १।२३ को निर्णयबाट रु.२,२४,५३५।- सम्परीक्षण गरिएको ।)**

७० **नपाउने बैठक भत्ता** - प्रदेश नं १ सरकारद्वारा जारी गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार वडा समितिको वैठक भत्ता वापत मासिक रुपमा जति नै पटक वैठक वसे तापनि वडा समिति सदस्यले मासिक अधिकतम २ वटा वैठकको वैठक भत्ता पाउने व्यवस्था रहेको छ भने वडा समिति सदस्य वाहेक अन्यले वैठक भत्ता पाउने व्यवस्था छैन । तर पालिकाले वडा समिति वैठकको वैठक भत्ता वापत भुक्तानी गर्दा निम्नानुसारका कर्मचारी तथा कार्यालय सहयोगीहरुलाई समेत वडा समिति सदस्य सरह मासिक २ वटा वैठकको वैठक भत्ता उपलब्ध गराएको देखिएकोले नपाउने बैठक भत्ता वापत भुक्तानी भएको निम्नानुसारको रु.३७४००।०० सम्वन्धित कर्मचारीवाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | कर्मचारीको नाम | वैठक संख्या | भत्ता दर | भुक्तानी रकम | कर कट्टि पछिको हुने रु. |
|---|---|---|---|---|---|
| १ | विशाल कटुवाल | ५ | १००० | ५००० | ४२५० |

**(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।१२ ।१९ को निर्णयबाट रु. ३३,१५०।-**

**सम्परीक्षण गरिएको । )**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

७१ **नर्म्स अनुसार प्रयोग हुने सिमेन्ट वढी परिमाणमा खरिद भएको -** पालिकाले उपभोक्ता समितिसँगको कार्य गराउँदा नाली निर्माण लगायतका काममा DoR को नर्म्स प्रयोग गरेको छ । उक्त नर्म्सको प्रयोग गरेपछि सोही अनुसारको खपत परिमाण र खरिद परिमाणमा तादाम्यदा हुनु पर्नेमा सो भएको छैन । छनौटको आधारमा विश्लेषण गरिएकोएको सुक्रवारे वजारमा नाली निर्माण उपभोक्ता समितिलाई रु.४९३८९६।०० भुक्तानी गर्दा २७१ वोरा सिमेन्ट खरिद गरेको भनी रु.२३०३५०।०० भुक्तानी भएकोमा आइटमवाइज सिमेन्टको खपत विश्लेषण गर्दा ३ वटा आइटममा १८८ वोरा सिमेन्ट मात्र खपत भई रु.१५९८००।०० वरावरको मात्र सिमेन्ट खरिद गर्नुपर्ने देखिन्छ । यसरी ८३ वोरा सिमेन्ट वढी खरिद गरिएको प्रयोग भएको देखिंदैन । उपभोक्ता समितिले खरिद गर्ने सामानमा मूल्य अभिवृद्धि कर लगायतका विषय समावेश हुने भएकोले खपत परिमाण र खरिद परिमाणको विचमा उचित सन्तुलन कायम गरिएको खरिद गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,५५० |

७२ **माई पर्या पर्यटन सिटी विकास परियोजना -** माई नगरपालिकाले पर्या पर्यटन सिटी विकास गर्ने विस्तृत योजना प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७७।७८ मा ठेक्का पट्टा गरिएको कुल लागत अनुमान रु.७११९८३३१।८१ को डि. पि. आर. वमोजिमको काम एपेक्स खनाल जे.भी. सँग २०७८ असोज १३ गते रु.४१७५९४२९।५९ मा सम्झौता गरिएको रु.४००००००।०० पेश्की उपलब्ध गराएको पाइयो । सम्झौता अवधि २०८० पौष १३ गते सम्पन्न हुने उक्त योजनाको भुक्तानी अनुसार केवल ६३ प्रतिशत मात्र कार्य सम्पन्न भएको देखिन्छ । यसरी सम्झौता अवधि झण्डै ८८ प्रतिशत सम्पन्न भैसकेको अवस्थाममा निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न गर्न कठिन अवस्था देखिन आएको छ । सम्झौता गर्दाको Work schedule अनुसार प्रगति नगर्ने निर्माण व्यवसायी र जिम्मेवार पदाधिकारी दुवै पक्षलाई जिम्मेवार तुल्याई समयमा कार्य सम्पन्न गर्न पहल गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३ **वडा नं २ को वाटो निर्माण -** Upgrading Work of Phuyal-Chautara- Dhakaney- Chepti Jali- Kholsi सडक निर्माण कार्य गर्न निर्माण व्यवसायी इलाम गजुरमुखी निर्माण सेवाले २१ फागुन २०७९ मा रु.९५३२५७२।३५ को सम्झौता गरिएको २०८० आषाढ २० मा कार्य सम्पन्न गर्नेगरिएको सम्झौता भएकोमा २०८० आषाढ २१ गते प्रथम रनिङ्ग विल वापत रु.२४६२०००।०० भुक्तानी भएको छ । निर्माण व्यवसायीले निर्माण अवधि समाप्त भै सक्दा पनि म्याद थपको लागि निवेदन दिएको छैन । यसरी म्याद समाप्त भएको मिति देखि कार्य सम्पन्न भै भुक्तानी गर्दा सम्मको अवधि गणना गरिएको नियमानुसार सम्झौताको शर्त अनुसार हर्जना कट्टा गरेर मात्र भुक्तानी गर्नु पर्दछ । मिति २०८०।१।२९ मा निर्माण व्यवसायीले रु.६५२५२५४।६६ वरावरको कार्य गरेको भनी विल सम्म पेश गरेको तर पालिकाले सो विलमा कुनै प्रकृया अघि नवढाएकोले यथार्थ अवस्था छानविन गरिएको कार्य सम्पन्न गर्न सम्वन्धित निर्माण व्यवसायी र जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाइनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७४ **सोझै खरिद - ✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।**

**१।२२ को निर्णयबाट रु.४७२१८७५।-सम्परीक्षण गरिएको ।)**

७५ **भाडा कर असूल नभएको -** आयकर ऐन, २०५८ को दफा ८८ तथा आर्थिक ऐन २०७९ अनुसार भाडा भुक्तानी गर्दा १० प्रतिशत भाडा शुल्क लाग्ने व्यवस्था छ । पालिकाले भूमी व्यवस्थापन कार्यको लागि भाडामा लिएको GDPS मेसिनको रु.५०००००।०० भाडा रकम जियो इन्जिनियरिङ्गलाई भुक्तानी गरेकोमा त्यस्मा लाग्ने १० प्रतिशत भाडा कर कट्टा नभएकोले सम्वन्धित फर्मवाट असूल गरिएको राजश्व दाखिला हुनुपर्ने रु.५०,०००/-

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

७६ **साना सिचाईं आयोजना -** टाङ्गटिङ्ग मुहान कुम्मीटार साठीमुरे जल उपभोक्ता संस्थासँग मिति २०७८।१२।३० मा भएको रु.४२७२८०८।०० को सम्झौता अनुसार उपभोक्ता संस्थाले १० प्रतिशत स्वीस सरकारको ३० प्रतिशत संघ प्रदेश र स्थानीयको २०.२० प्रतिशत आर्थिक योगदान रहने गरिएको सम्झौता भएकोमा योजनागत रुपमा उक्त प्रतिशत मिल्ने गरिएको खर्च भएको पाइएन । उक्त सम्झौता अनुसारको कार्यमा अन्तिम विल सम्ममा रु.३६९९००७।०० को भुक्तानी भएकोमा खर्चको अवस्था यस प्रकार छ ।

| क्रम संख्या | भौ नं मिति | खर्च रकम | खर्च प्रतिशत | योगदान गर्ने निकाय |
|---|---|---|---|---|
| १ | २७३।२०८०।३।१५ | ७१७०१७ | १७.५ | स्थानीय तह |
| २ | २५।२०८०।३।१५<br>१२।२०८०।१।१४ | ८१४६२० | १९.८० | प्रदेश सरकार |
| ३ | ६९।२०८०।३।१५<br>४४।२०८०।१।१४ | २१६७३७० | ५२.८ | संघीय सरकारवाट हस्तान्तरित |
| ४ | | ४००००० | ९.९ | उपभोक्ता संस्थाको योगदान |
| **जम्मा** | | **४०९९००७** | **१००** | |

सञ्चालित योजनाहरुमध्ये १ योजना छनौट गरिएको विश्लेषण गर्दा संघीय सरकार र स्वीस सरकारको ४० प्रतिशत मात्र हुनु पर्नेमा ५२.८० प्रतिशत खर्च भएको छ । यसरी घटी वढी प्रतिशत खर्च गर्ने परिपाटी अन्त्य गरिएको अनुपातिक रुपमा खर्च गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७७ **आ ले प वाट कायम भएका वेरुजू**

आन्तरिक लेखापरीक्षणवाट कायम भएका वेरुजू निम्नानुसार छन् ।

७७.१ **संर्शत पूजिगत भौ.न.३९ः** समालटार सामुदायिक भवन निर्माण कार्यका लागि गिरी निर्माण सेवासँग मिति २०७९।०९।०६ मा सम्झौता भएकोमा मिति ०७९।११।२६ मा विमा गरिएको भुक्तानी लिएकोमा विमाको Recover Period को आधारमा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु...

| असुल गर्नुपर्ने | ८,७३७ |
|---|---|

७७. **न.पा.पूजिगत भौ.न.६५- ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०। १२।१९**
२ **को निर्णयबाट रु.१०००।-सम्परीक्षण गरिएको ।)**

७७. **न.पा.पुजिगत भौ.न.३०१-** चेप्टी हुँदै जाली खोल्सी सडक निर्माण कार्यक्रमका लागि ईलाम गजुरमुखि निर्माण सेवासँग
३ सम्झौता भई कार्यक्रम संचालन भएकोमा सम्झौता पश्चात विमा गरिएको बढी भुक्तानी भएको रु.४३९३.० असुल हुनुपर्ने रु..

| असुल गर्नुपर्ने | ४,३९३ |
|---|---|

७७. **न.पा.चालु भौ.न.४३८-** बैठक भत्ता बुझिलिदाँ का.पा.सदस्य कल्पना विश्वकर्माको जम्मा उपस्थिति ५ वटा रहेकोमा
४ ७ वटा दिएकोले रु.१७००.० असुल हुनुपर्ने रु....

| असुल गर्नुपर्ने | १,७०० |
|---|---|

७७. **सर्शत चालु भौ.न.२५०-- ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०। १२।१९**
५ **को निर्णयबाट रु.६०३।-सम्परीक्षण गरिएको ।)**

७७. **सर्शत चालु भौ.न. - ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०। १२।१९ को**
६ **निर्णयबाट रु.१४,०००।-सम्परीक्षण गरिएको ।)**

७७. **न.पा.पुजिगत भौ.न.२८३ -** माई हस्पिटल जाने बाटोमा कल्भर्ट निर्माण टिकारामको घर मुनि कार्यक्रमको संचालनका
७ लागि दुर्गा लक्ष्मी निर्माण सेवासँग सम्झौता भएकोमा विमाको Recover Period का आधारमा ८५ दिनको बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,४५० |
|---|---|

७७. न.पा.चालु भौ.न.६५६-- **........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०। १२।१९**
८ **को निर्णयबाट रु.५९५६।-सम्परीक्षण गरिएको ।)**

७८ **१५ शैयाको अस्पताल निर्माण -** आर्थिक वर्ष २०७७।७८ मा विस्तृत योजना प्रतिवेदन अनुसार कुल लागत अनुमान रु. १५९१५१९४०।०० को अस्पताल निर्माण कार्यको लागि ठेक्कामार्फत कार्य गराउन Om Sai Ram S.A.S. Devi J.V. सँग २०७८।३।३ मा सम्झौता भई रु.१०७०२४६९३।३८ मा २०८० आषाढ ४ गते सम्ममा सम्पन्न गर्ने लक्ष्य राखी सम्झौता भएको पाइयो । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय अनुसार छन्

७८. **सम्झौताको शर्त अनुसारको पेश्की फछ्यौंट नभएको- - ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको**
२ **आधारमा मिति २०८१। १।१२ को निर्णयबाट रु.१,००,००,०००।-सम्परीक्षण गरिएको** ।)

७९ **कार्यक्रम विपरित खर्च - ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१। १।१२ को निर्णयबाट रु.७,९७,५७७।-सम्परीक्षण गरिएको ।)**

८० **सुरक्षित नागरिएकोक आवास कार्यक्रम -** सुरक्षित नागरिएकोक आवास कार्यान्वयन(पहिलो संशोधन) कार्यविधि, २०७६ को दफा ५ को उपदफा ७ मा छनौट भएका लाभग्राहीलाई स्थानीय तहसँग सम्झौता भएपछि पहिलो किस्ता बापत साठी प्रतिशत रकम उपलब्ध गराउने र बाँकी ४० प्रतिशत रकम कार्यसम्पन्न भएपश्चात भुक्तानी दिने व्यवस्था छ। यस पालिकामा आ.व.०७६।७७ मा पहिलो किस्ता भुक्तानी भएकोमा हालसम्म उक्त कार्यक्रम निरन्तरता रहेको देखियो। पालिकाका ५५० वटा घरधुरीमध्ये आ.व.०७८।७९ मा ४३८ घरधुरीले दोस्रो किस्ता लिएकोमा बाँकी ११२ मध्ये आ.व.०७९।८० मा ५२ घरधुरीले मात्र कार्यसम्पन्न गरिएको भुक्तानी लिएको देखियो। बाँकी ६० परिवारले हालसम्म पनि कार्यसम्पन्न गरिएको दोस्रो किस्ताको लागि भुक्तानी माग नगरेको कारणले विनियोजन रकम मध्ये रु.१२०१३००.० फ्रिज भएको देखियो। लामो समयसम्म पहिलो किस्ता लगेर दोस्रो किस्ताको लागि माग नगरेको हुँदा लाभग्राहीलाई भुक्तानी भएको पहिलो किस्ताबापतको रकमको सहि सदुपयोग भएको छ भन्ने अवस्था नभएकोले उक्त कार्यक्रमको पालिकाबाट अनुगमन गरिएको भुक्तानी भएको रकमको सहि सदुपयोग सम्बन्धमा एकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८१ **मर्मत सम्भार कोष -**

**मर्मत सम्भार कोष -** पालिकाले यस आ.व.मा मर्मत सम्भार कोषको स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन -

८१.१ **अमानतबाट निर्माण कार्य - ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.२६,४४,९३५।- सम्परीक्षण गरिएको ।)**

८१.२ **ईन्धन खर्च र जे.सि.वि.भाडा भुक्तानी- ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु.२०,९९,७७०।- सम्परीक्षण गरिएको ।)**

८२ **फोहोरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरिएको कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरिएको उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरिएको पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८३ **सामान खरिद गरिएको मौज्दात राखेको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयको आवश्यकता भन्दा वढी हुने सम्पत्ति तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु हुँदैन भन्ने व्यवस्था छ। तर पालिकाले देहायका सामाग्री खरिदबापत निम्नानुसारका सप्लायर्सलाई रु.२२९६१४६.० भुक्तानी भएकोमा उक्त सामाग्रीहरु हालसम्म स्टोरमा नै मौज्दात रहेको देखिएकोले मौज्दात सामग्री प्रयोगको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.स. | भौ.न र मिति | सामानको नाम | सप्लायर्स | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २२१-०८०।२।१९ | १६ एम.एम. एचडिपि पाईप-३०२० मिटर, २०।१६ एम.एम.-४१४५ मिटर, | दक्षिणकाली प्लाष्टिक ईन्ड्रष्टिज | ५०००००.० |

| | | | | |
|---|---|---|---|---|
| | | ६३।१० एम.एम.-६५५ मिटर | | |
| २ | ६८-०७९।११।१४ | मोटर-८ थान, २० एम एम।१० के.जि. एचडिपि पाईप १० र.नि. | प्रगति आईरन स्टोर्स | ३४६८१०.० |
| ३ | १७-०८०।३।२३ | ग्याविन बक्स २५८ थान | दुर्गा स्टिल ईन्डुस्टिज प्रा.लि. | ९९९४४९.० |
| | | | जम्मा | १८,४६,२५९/- |

**(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण भएको आधारमा मिति २०८०।१२ ।१९ को निर्णयबाट रु.४४९८८७।- सम्परीक्षण गरिएको । )**

| प्रमाण पेश नगरेको | १८,४६,२५९ |
|---|---|

८४ **घटी मू.अ.कर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२), (क), (ख), (ग) मा खरिद कार्यको वास्तविक लागत बमोजिम प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरिएको सोही नियमावलीको नियम ९७(६) मा बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात सहितको प्राविधिक मूल्यांकनको आधारमा भूक्तानी गर्नुपर्ने व्यवस्था छ। यस आ.व.मा पालिकामा उपभोक्ता समितिबाट भएका निर्माण कार्य मध्ये नमुना छनौट गरिएको स्रेस्ता परिक्षण गर्दा निम्नानुसारको योजनाहरुको भुक्तानीमा उपभोक्ता समिति तथा लाभग्राही समुदायले पेश गरेको विल भरपाइमा ईटाको मूल्य मूअकर बाहेक रु १०.० देखि १२.० रहेको तर कार्यायलले मूल्यांकन गर्दा मूअकर बाहेक रु.२०.० प्रति ईटाका दरले दररेट निर्धारण गरेको छ। यसरी बिजक भन्दा बढी दरले दररेट निर्धारण गर्दा देहाय अनुसारको काममा उपभोक्ता समितिले पेश गरेको भन्दा रु.११०२२.० बढी मु.अ.कर रकम भुक्तानी भएकोले बढी मु.अ.कर रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु..........

| भौ.न. र मिति | योजना तथा उ.स.को नाम | निर्माण सामाग्री | भुक्तानी भएको मू.अ.कर रकम | उ.स.ले पेश गरेको मू.अ.कर रकम | बढी मू.अ.कर रकम |
|---|---|---|---|---|---|
| २३-०८०।३।१२ | गरुवा आ.वि. अधुरो भवन माई न.पा.४ उ.स. | ईटा | ११६२५.० | ७५५६.० | ४०६९.० |
| ७७-०८०।३।११ | श्री जनसेवक आ.वि. | ईटा | १६२२५.० | २३१७८.० | ६९५३.० |
| | | | | जम्मा | ११०२२.० |

| असुल गर्नुपर्ने | ११,०२२ |
|---|---|

८५ **रसिद नियन्त्रण खाता** - पालिकाले रसिद नियन्त्रण खाता पेश नगरेकोले तोकिएको ढाँचा नगदि रसिद नियन्त्रण खाता म.ले.प.फा.नं ९०४ साविक १०८ अनुसार तयार नगरेको पाइयो । साथै पालिकाद्वारा सञ्चालित नगर अस्पतालले २०७९ मंसिर देखि पालिकावाट वुझेर लगेको १० ठेली नगदी रसिद प्रयोग गरेको भएता पनि सो भन्दा अघि

अस्पताल आफैले छपाएको नगदी रसिद प्रयोग गरेको पाइयो । गत वर्षको मौज्दात ठेली संख्या, यो वर्ष छपाएको ठेली संख्या र बाँकी रहेको मौज्दात रसिद ठेलीहरुको विवरण लेखापरीक्षणको क्रममा उपलब्ध भएन। आम्दानी, खर्च र बाँकीको विवरण स्पष्ट गरिएको रसिद नियन्त्रण खाता व्यवस्थित बनाई राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८६ **राजश्व कारोबारको लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ प्रयोग नगरिएको आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.न. ९०४ साविक म.ले.प.फा.न. १०८ र म.ले.प.फा.नं. १०३ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा पालिका, वडा कार्यालय तथा नगर अस्पतालले मासिक/चौमासिक रुपमा दाखिला गर्ने गरेको देखियो। असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानीमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैंक दाखिला खाताहरुको प्रयोग गरिएको आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८७ **वडाको आम्दानी** - पालिकाले वडाहरुमा राजश्व संकलनको लागि सफ्टवेयर संचालन गरिएको सफ्टवेयरवाटै राजश्व संकलन गर्ने गरेको पाइयो । वडागत रुपमा सफ्टवेयरवाट उठेको आम्दानी तथा पालिकाले वडागत रुपमा उठेको राजश्व वैंक दाखिला भई आए पश्चात सुत्रमार्फत जनाएको आम्दानीको भिडान गर्दा वडागत रुपमा दुईतर्फको आम्दानी भिडान नभएता पनि सवै वडाको एकमुष्ठ आम्दानी भिडान भएको छ । यसरी पालिकाले वडागत रुपमा उठेको राजश्व वैंक दाखिला भई आए पश्चात आम्दानी जनाउँदा वडागत रुपमा आम्दानी फरक नपर्ने गरिएको आम्दानी जनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८८ **एम्वुलेन्स आम्दानी - - ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.२,९८,८००।-सम्परीक्षण गरिएको ।)**

८९ **नदीजन्य पदार्थको आय ठेक्का नलगाएको** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४(च) ले ढुंगा गिट्टी वालुवा जस्ता नदी जन्य पदार्थको दर प्रदेशले निर्धारण गर्ने र पालिकाहरुले आय आर्जन गर्ने व्यवस्था गरेकोमा नेपाल सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको भन २०७५ को दफा ३४(३) ले प्राकृतिक वस्तुको विक्री वितरण नगरपालिकाले गर्न सक्ने र यसरी प्राप्त रकम नगरपालिकाको संचित कोषमा आम्दानी गर्ने व्यवस्था गरेको छ । यसरी दर निर्धारणको क्षेत्राधिकार नगरसभामा दिएको र निर्धारण भएको दरलाई आधारमानी उत्खनन र संकलनको अनुमति दिने र विक्रीको लागि अनुमति दिने काम नगरपालिकाले गर्नुपर्ने देखिन्छ । यस माई नगरपालिकाले गत वर्ष २०७८।७९ मा प्रारम्भिक वातावरणीय विश्लेषण (IEE) गरिएको न्युनतम रुपमा तोकिएको परिमाणमा ठेक्का पट्टाको माध्यमवाट आय आर्जन गर्ने काम गर्नु पर्नेमा सो ठेक्कापट्टा भएको देखिएन। जसले गर्दा चोरी निकासी बढ्ने नदीको क्षेत्र परिवर्तन हुने तथा उपयोग गर्न सकिने ढुंगा गिटी वालुवा जस्ता नदीजन्य पदार्थ त्यसै खेर गएको अवस्था देखियो । यसरी श्रोत उपयोगमा ध्यान नदिएको कारणवाट रु.३०५२५६७४।०० नगरको आम्दानी त्यसै खेर गएको छ । यसमा पालिकाले आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सभावाट दर निर्धारण गराई

ठेक्कापट्टा गर्नुपर्दछ ।

| क्रम संख्या | नदीको नाम | घाटघट्टी गर्ने स्थान | न्यूनतम मूल्यांकन परिमाण | उठ्ने रकम रु |
|---|---|---|---|---|
| १ | माइखोला | माझीटार | १२००० घन मिटर | २०७६५२२ |
| | | ज्वाले/प्लासे | २०००० घन मिटर | ३४६०८७० |
| | | लोडिया दोभान | २०००० घन मिटर | ३४६०८७० |
| | | कोदोवारी विस्नेटार | २०००० घन मिटर | ३४६०८७० |
| | | चेप्टी | ९००० घन मिटर | १४७७९३२ |
| २ | माइखोला शाखा नदीहरु | रिमुवा खोला | ७५०० घन मिटर | १२५१४७५ |
| | | छिवा खोला | ७००० घन मिटर | ११६८०४३ |
| | | तसासे खोला | ७५०० घन मिटर | १२५१४७५ |
| | | ठेवा खोखा | ८७५० घन मिटर | १४६००५३ |
| | | कपरसुक्का खोला | २४०० घन मिटर | ४००९६४ |
| | | लक्ष्मी खोला | ६२५० घन मिटर | १०४२९४२ |
| | | चेपे खोला | ३००० घन मिटर | ८०७५८९ |
| ३ | लोदिया खोला | वेलडाडा | २०००० घन मिटर | ३३४१४९२ |
| | | सेरागाउँ | १५००० घन मिटर | २४१०२४८ |
| | | साधुगाउँपूर्व | १२५०० घन मिटर | २००८६३० |
| | | मुसेखोला गाउँ | ९००० घन मिटर | १४४६१४९ |
| | | | | **३०५२५६७४** |

सैद्धान्तिक बेरुजु

९० **नगर अस्पतालतर्फको आम्दानी -** पालिकाद्वारा सञ्चालित नगर अस्पातालले यस वर्ष रसिद नं १ देखि ६०० सम्मका ६०० थान (१२ ठेली) रसिद मिति २०७९।८।१३ मा पालिकावाट वुझेर लगेको देखिन्छ । पालिकावाट लगेको नगदी रसिद अस्पतालमा मिति २०७९।८।७ गतेदेखि प्रयोग भएको देखिन्छ भने सो भन्दा अगाडि अस्पताल आफैंले छपाएको नगदी रसिद प्रयोग भएको जनाएता पनि के कति नगदी रसिद छपाई तथा प्रयोग भएको हो सो को विवरण पेश भएन । पालिकाले रसिद नियन्त्रण खातालाई चुस्त दुरुस्त वनाई एकद्वार प्रणालीको माध्यमवाट नगदी रसिद प्रयोग गर्नुपर्नेमा सो गरेको पाइएन । अस्पतालको यस वर्षको आम्दानी वापत विभिन्न मितिमा गरिएको रु.१९०६६२।०० दाखिला भएको देखिएता पनि अस्पतालले प्रयोग गरेका सम्पूर्ण नगदी रसिद तथा सो वाट प्राप्त हुने नगद आम्दानी र दाखिलाको विवरण पेश नगरेकोले पालिकाले अस्पतालको वास्तविक आम्दानी एकिन गर्नुपर्ने

रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९०,६६२ |

**संपरीक्षणबाट थप भएको बेरूजू**

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ्ग वल वा अन्य विजकवाट कट्टा गर्नुपर्ने व्यवस्था छ । १५ शैय्या अस्पताल निर्माण कार्यका निर्माण व्यवसायी Om Sai Ram S.A.S. Devi J.V. लाई रु.१२५०००००।०० पेश्की उपलव्ध गराइएको देखियो । निर्माण व्यवसायीले हालसम्म (सातौं रनिङ्ग विल) भुक्तान गर्दा ५७ प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ । यसरी सातौं रनिङ्ग विल सम्ममा रु.६०७४१८५६।७५ खर्च भैसकेको अवस्थामा पेश्की केवल २५ लाख मात्र फछ्र्यौट गरिएको रु १ करोड पेश्की वाँकी रहेको पाइयो ।छलफलको क्रममा संघीय सशर्त शिर्षकवाट रकम अर्को वर्ष विनियोजन अनिश्चित रहेको र निर्माण कार्य अवरुद्व हुन सक्ने भएकोले पेश्की फछ्र्यौट नगरेको पालिकाको भनाई रहेको छ । बाँकि पेश्कि रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. | १०००००००.०० |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान:** माई नगरपालिका, इलाम , माई नगरपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेन्द्र विश्वकर्मा | २०७९-१२-२६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गणेश अधिकारी | २०७८-११-११ | २०७९-१२-२६ |
| लेखा प्रमुख | क्षेत्र नाथ शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण:**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१५६,३५८.८ | ३४,३१२,६२८ | २६,०७६,१९८ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६१,५४५,१८४.८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरिएको संपरीक्षण भएको रकम रु.** | ४८,११९,९४० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | १०,०००,००० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २३,४२५,२४४.८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १०१०५६८६५.०५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९१२४६५०० | **चालु खर्च** | ३२४९३१९००.४ |
| **प्रदेश सरकारबाट अनुदान** | २६३२३२४० | **पूँजीगत खर्च** | १९०७११२५२ |
| **राजश्व बाँडफाँट** | ९४९०२५३९.९१ | **वित्तीय/अन्य व्यवस्था** | १९६५३५४१७.९७ |
| **आन्तरिक आय** | १६२१९२१०.०३ | | |
| **अन्य आय** | १८५०९६६५५.६५ | | |
| **कुल आय** | ७१३७८८१४५.५९ | **कुल खर्च** | ७१२१७८५७०.३७ |
| **बाँकी मौज्दात** | | १०२६६६४४०.२७ | |